“मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षा सहितको समृद्धि”

# पाँचवर्षे रणनीतिक योजना

(आ.व. २०७९/८० देखि २०८३/०८४ सम्म)

नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरवार, काठमाडौं

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।


## मन्तव्य

मुलुकभित्र मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षा सहितको समृद्धिका लागि आन्तरिक रोजगारी प्रवर्द्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने, श्रमिकको हकहित एवम् पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित कार्यवातावरण सिर्जना गर्ने जस्ता कार्यहरूलाई प्रभावकारी रूपमा अगाडि बढाइएको छ। त्यस्तै, योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयन, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सम्पादन हुँदै आएका छन् । मन्त्रालयको मुख्य कार्यक्षेत्र आन्तरिक रोजगार प्रवर्द्धन, वैदेशिक रोजगारी व्यवस्थापन, व्यावसायिक सीप विकास तथा तालिम, श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा र योगदानमा आधारित सामाजिक सुरक्षाका क्षेत्रमा राष्ट्रिय नीति, कानून, मापदण्ड, योजना र कार्यक्रमहरू समेत् तर्जुमा एवम् कार्यान्वयन भइरहेका छन्।

मन्त्रालय र मातहतबाट सम्पादन गरिने कार्यहरूलाई नियमित गर्न विभिन्न नीति, ऐन र कानूनहरू प्रचलनमा रहेका छन्। मुलुक सङ्घीय संरचनामा रूपान्तरित भएको सन्दर्भमा मन्त्रालयको कार्यक्षेत्र र कार्य जिम्मेवारीका विषयमा तीनवटै तहका सरकारहरूको कार्यसम्पादनमा सामञ्जस्यता कायम गर्नुपर्ने चुनौती रहेको छ। मन्त्रालयका वार्षिक कार्यक्रम र आवधिक योजनाले परिलक्षित गरेका लक्ष्यहरुबीचमा तादत्म्यता स्थापना गरी विद्यमान समस्याहरू उजागर र चुनौतीको सामना गर्न, मन्त्रालय र मातहतका निकायहरुबाट सम्पादन हुने सेवाको समयसापेक्ष रुपान्तरण गर्न र श्रम तथा रोजगारी क्षेत्रको दीर्घकालीन सोच सहितको रणनीति योजनाको आवश्यकता महशुस गर्दै विद्यमान नीतिगत तथा कानूनी व्यवस्थालाई एकीकृत एवं प्रभावकारी रूपमा कार्यन्वयन गरी उत्पादनशील रोजगारीको विकास र उपयोग गर्न यो रणनीतिक योजना तयार गरिएको हो। यो रणनीतिक योजनाले आगामी पाँच (५) वर्षको यस मन्त्रालयको गन्तव्य स्पष्ट गरेको छ। यसलाई प्रभावकारी कार्यान्वयन गर्न स्पष्ट समय सीमा सहितको कार्ययोजना समेत समावेश गरिएको छ।

अन्त्यमा, यो रणनीतिक योजना तयारी गर्ने कार्यमा खटिने मन्त्रालयको प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित कार्यदलका सदस्यहरू लगायत मन्त्रालयका सम्पूर्ण कर्मचारी तथा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

एकनारायण अर्याल
सचिव
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

चैत्र, २०७९

# विषयसूची

परिच्छेद- १

# परिचय

## १.१ पृष्ठभूमि

मुलुकभित्र मर्यादित श्रम (Decent Work) को लागि आन्तरिक रोजगारी प्रवर्द्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने, श्रमिकको हकहित एवं पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित कार्यवातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।मन्त्रालयको मुख्य कार्यक्षेत्र आन्तरिक रोजगार प्रवर्द्धन, वैदेशिक रोजगारी व्यवस्थापन, सीप विकास तथा तालिम, श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा र योगदानमा आधारित सामाजिक सुरक्षाका क्षेत्रमा राष्ट्रिय नीति, कानून, मापदण्ड, योजना र कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र व्यवस्थापन रहेको छ।

श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्ने उदेश्यले नेपालमा वि.सं.२०२८ सालमा उद्योग मन्त्रालय अन्तर्गत श्रम विभाग स्थापना भएको पाइन्छ।श्रम विभाग स्थापनाको एक दशकपछि वि.सं. २०३८ सालमा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भई यसै अन्तर्गत श्रम विभाग रहको थियो।वि.सं. २०५२ सालमा समाज कल्याण सम्बन्धी विषय अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं. २०५७ सालमा यातायात व्यवस्थापनको कार्य समेत थप गरी श्रम तथा यातायात मन्त्रालयको रुपमा कार्यसम्पादन गरेको पाइन्छ। वि. सं. २०६९ सालमा मन्त्रालयको कार्यक्षेत्र पुन: हेरफेर भई श्रम तथा रोजगार मन्त्रालय स्थापना गरीयो। नेपालको संविधान अनुरुप राज्य पुन:संरचना गरी संघीय व्यवस्था कार्यान्वयन गर्ने क्रममा प्रशासनिक संरचनामा फेरवदल हुँदा वि.सं.२०७४ चैत्र ३ मा मन्त्रालयको कार्यक्षेत्र पुन: परिमार्जन भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रुपान्तरित भएको छ।

### १.१.१. मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम तोकिएको छ।

- श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
- वैदेशिक रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन,
- श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
- औद्योगिक विवाद समाधान,
- रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान,

- श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम-सम्बन्ध सम्बन्धी आयोग,
- रोजगारउन्मुख सीपमूलक एवं व्यावसायिक तालिम नीति,
- ट्रेड युनियनसम्बन्धी एकिकृत कानून र नियमन,
- बालश्रम निवारणसम्बन्धी नीति र कानून,
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति, कानून र मापदण्ड,
- विदेशीहरुका लागि श्रम स्वीकृति,
- श्रम सहचारी,
- बेरोजगारसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,

### १.१.२. विद्यमान नीतिगत तथा कानूनी व्यवस्था

#### क. संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा तीनवटै तहका सरकारको अधिकारको सूची छ।मन्त्रालयको अधिकारमध्ये सामाजिक सुरक्षालाई संघको एकल अधिकार, संघ र प्रदेशको साझा अधिकार साथै संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखिएको छ।रोजगारी र बेरोजगार सहायता, औधोगिक विवाद समाधान, ट्रेड युनियन, श्रमिकका हक अधिकार र विवाद सम्वन्धी कार्य संघ र प्रदेशको साझा अधिकार रहेका छन्।वैदेशिक रोजगारी सम्वन्धमा संविधानमा स्पष्ट व्यवस्था देखिदैन।भिषा, अध्यागमन, कुटनीतिक सम्बन्ध, अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयहरु संघको अधिकार क्षेत्रमा पर्ने भएकोले वैदेशिक रोजगारी सम्वन्धी विषयमा संघीय सरकारले काम गर्दै आएको छ।

संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ।धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख छ ।धारा ३४ मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको साथै कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हकको संवैधानिक व्यवस्था गरिएको छ।त्यसैगरी नेपालको संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गगता भएका, वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ।

संविधानको धारा ५१(झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिमा राज्यले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणाअनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति रहेको छ।त्यसैगरी, श्रमिक, उद्यमी र व्यवसायी

बिच असल सम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सवै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ।

**ख. नीतिगत तथा कानूनी व्यवस्था**

- नेपालको श्रम बजारमा उपलब्ध जनशक्तिलाई अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान् र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै वैदेशिक रोजगारीमा नेपाली नागरिकको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयनमा रहेको छ।नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाउँदै सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित र सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाउँदै गरिवी निवारणमा योगदान गर्ने दुरदृष्टि सहित राष्ट्रिय रोजगार नीति, २०७१ कार्यान्वयनमा रहेको छ।श्रमिकको सुरक्षा, स्वास्थ्य र कार्यवातावरणमा सुधार गर्ने, कार्यस्थलमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी जोखिम न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ स्वीकृत भई कार्यान्वयनमा रहेको छ।
- प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा वेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, २०७५ तर्जुमा भई कार्यान्वयनमा रहेको छ।उल्लिखित ऐन तथा नियमावलीको अधिनमा रही रोजगारीका अवसरहरुबाट बञ्चित नागरिकहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन भइरहेको छ।
- आन्तरिक श्रम प्रशासनलाई व्यवस्थित बनाई सवै किसिमका विभेदको अन्त्य गर्दै असल औधोगिक श्रम सम्बन्ध स्थापित गर्न वोनस ऐन र नियमावली २०३९, ट्रेड युनियन ऐन २०४९ र नियमावली २०५०, वालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ र नियमावली २०६२, श्रम ऐन २०७४ र नियमावली २०७५, कार्यन्वयनमा छन्।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले वैदेशिक रोजगार ऐन,२०६४ र नियमावली २०६४, वैदेशिक रोजगार न्यायाधिकरण नियमावली २०६८ कार्यान्वयनमा रहेका छन्।
- संविधानमा मौलिक हकको रुपमा स्थापित श्रमको हक अन्तर्गत रहेको योगदानमा आधारित सामाजिक सुरक्षालाई प्रत्याभूत गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र नियमावली, २०७५ कार्यान्वयनमा रहेका छन् ।
- श्रम, रोजगार तथा योगदानमा आधारित सामाजिक सुरक्षासँग सम्बन्धित माथि उल्लिखित ऐन तथा नियमावली

बमोजिम विभिन्न कार्यविधि, मापदण्ड तथा निर्देशकाहरु तर्जुमा भई कार्यान्वयनमा रहेका छन्।

- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५ ले मुलुकको सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, जनमूखी, समावेशी र जनसहभागितामूलक बनाउने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ।

- पन्ध्रौ योजना (आ.ब. २०७६/७७-२०८०/८१) ले सवै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने सोचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिबृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्पउपयोगमा उल्लेखनीय रुपमा कमी ल्याउने लक्ष्य राखेको, उल्लिखित लक्ष्य हाँसिल गर्न स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने, विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानूनहरुको प्रभावकारी कार्यान्वयन र सामाजिक संवादको माध्यमबाट असल औधोगिक श्रम सम्बन्धको विकास गर्ने, राष्ट्रिय आवश्यकताका आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा, तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिबृद्धि गर्ने, तीन तहका सरकारवीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनामा प्रभावकारी समन्वय गर्ने, वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने एवं विभिन्न निकायसँग समन्वय तथा रोजगारी सम्बन्धी कार्यको नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरण गठन गर्ने रणनीतिहरु अवलम्वन गरेको छ।

- नेपाल सरकारका वार्षिक नीति तथा कार्यक्रम, बजेट बक्तव्य, दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धी लगायतका अन्य अन्तर्राष्ट्रिय व्यवस्थाहरु समेत श्रम, रोजगारी तथा योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धमा मार्गदर्शक सिद्धान्तको रुपमा रहेका छन्।

### १.१.३ श्रम, रोजगार तथा सामाजिक सुरक्षाको विद्यमान अवस्था

नेपालमा प्रत्येक वर्ष करिव ५ लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन्।आन्तरिक श्रम बजारको प्रशोचन क्षमता कम हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारमा जाने प्रवृति छ। दैनिक ठुलो संख्यामा युवा विदेशिने गरेको र विप्रेषण आय कुल ग्राईस्थ्य उत्पादनको अनुपातमा एक चौथाई भन्दा वढी रहेको छ।वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार आ.व. २०७७।७८ मा जम्मा १,६६,६९८ जना नेपाली नागरिक श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको देखिन्छ।आ.व.२०७८।७९ मा जम्मा ६,३१,२१० जना नेपाली नागरिक श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको देखिन्छ।नेपालका करिब ५६ प्रतिशत घरपरिवारले विप्रेषण आय प्राप्त गर्दै आएका छन्।अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको पाठ्यक्रम तथा प्रशिक्षणको उचित व्यवस्था हुन नसक्दा वैदेशिक रोजगारीमा जाने मध्ये अदक्ष कामदारको संख्या बढी रहेको छ।यद्यपि, वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुमा सीप तथा दक्षताको अभिबृद्धि गर्न तथा देशभित्र रोजगारीमा आबद्ध गर्न साथै उद्यमशीलताको अभिबृद्धि गर्न विभिन्न निकायहरुबाट तालिम प्रदान गरिदै आएको छ।मन्त्रालय अन्तर्गत रहेका व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड तथा सुरक्षित आप्रवासन परियोजनाबाट आ.व. २०७७।७८ मा जम्मा ११ हजार र आ.व. २०७८।७९ मा १९ हजार ५ सय ५३ जनाले व्यवसायिक तथा सीपमूलक तालिम प्राप्त गरेका छन।वैदेशिक रोजगारीलाई सुरक्षित,व्यवस्थित, मर्यादित तथा उपलब्धिमुलक बनाउन १० वटा श्रमगन्तव्य मुलुकसँग द्विपक्षिय श्रम सम्झौतामा हस्ताक्षर भएको छ।आन्तरिक रोजगारी तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आ.व. २०७८।७८ मा कुल १,७५,३४८ जनाले औसत ७६ दिनको रोजगारी प्राप्त गरेका छन् भने आ.व. २०७८।७९ मा उक्त कार्यक्रम मार्फत २ लाख जनालाई रोजगारी प्रदान गर्ने लक्ष्य राखिएकोमा कुल १,५६,७३१ जनाले औसत ७५ दिनको रोजगारी प्राप्त गरेका छन्।

तेस्रो नेपाल श्रम शक्ति सर्वेक्षण (२०७४।७५) को प्रतिवेदन अनुसार, नेपालको जनसंख्याको बनौटमा उत्पादनशील उमेर (१५-६४) समूहको जनसंख्या ७१.५ प्रतिशत रहेको छ। बेरोजगारी दर ११.४ प्रतिशत (१०.३% पुरुष, १३.१% महिला) रहेको छ, श्रम शक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र श्रम शक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। त्यसैगरी, ५-१७ वर्ष उमेर समूहको जनसंख्या करीब ७० लाख रहेको छ, जसमध्ये २९% श्रमिक बालबालिका रहेका छन्।५-१३ वर्ष उमेर समूहका लगभग ११ लाख बालबालिकाहरु बालश्रममा संलग्न रहेका छन् यसमा करिब २ लाख बालबालिका जोखिम पूर्ण काममा संलग्न रहेका छन्।प्रतिवेदन अनुसार नेपालमा बालश्रमको समग्र प्रवृत्ति घट्दो क्रममा रहेको देखाउँछ (नेपाल श्रमिक सर्वेक्षण १९९८ मा २६ लाख, २००८ मा १६ लाख र २०१८ मा ११ लाख शहरी क्षेत्रको(१२.१%) तुलनामा ग्रामीण क्षेत्रमा (२४.४%) बालश्रमिकको संख्या बढि देखिएको छ। बालश्रम निवारणका लागि नेपाल सरकारले बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ लागु गरी बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने कार्यलाई जोड दिएको छ।आ.व. २०७८।७९ मा जम्मा ३९ वटा स्थानीय तहबाट बालश्रम घोषणाको लागि प्रस्ताव प्राप्त भई घोषणा पूर्वको अनुदान रकम समेत पठाइएको छ।

श्रमशक्ति सर्वेक्षणको तथ्याङ्क हेर्ने हो भने करिब १५% श्रमिकमात्र सामाजिक सुरक्षामा समावेश भएका छन्।योगदानमा आधारित सामाजिक सुरक्षाको विषयलाई व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोषको व्यवस्था गरिएको छ।कोषमा आ.व. २०७८।०७९ सम्म १७,१९२ प्रतिष्ठान र ३,४६,७४४ जना श्रमिक सूचीकरण भएको अवस्था छ।राष्ट्रिय आर्थिक गणना,२०७५ (२०७६ मा सार्वजनिक) अनुसार नेपालमा ९ लाख २३ हजार ३ सय ५६ वटा प्रतिष्ठान रहेका छन्। उक्त तथ्याङ्कसँग तुलना गर्दा सामाजिक सुरक्षा कोषमा आवद्ध भएका प्रतिष्ठानको संख्या जम्मा १.६% हुने देखिएकोले सामाजिक सुरक्षा कोषमा प्रतिष्ठानको आवद्धतामा उल्लेख्य वृद्धि गर्न आवश्यक देखिएको छ।

### १.१.४. अवसर

विश्वब्यापीकरणको वर्तमान परिवेशमा श्रम, रोजगारी तथा सामाजिक सुरक्षाको विषय एउटा देशको परिधिभित्र सिमित नभएर समग्र विश्वको साझा एजेण्डाको रुपमा विकास भई अन्तर्राष्ट्रिय मञ्चहरुमा यिनीहरुको सन्दर्भमा साझा प्रयत्न तथा प्रतिबद्धताहरु समेत भएको अवस्था छ। यस्ता प्रतिबद्धताहरूलाई नेपालले पनि आन्तरिकीकरण तथा स्थानीयकरण गरिरहेको छ। नेपाल एकात्मक राज्य व्यवस्थाबाट संघात्मक शासन व्यवस्थामा रुपान्तरण भएको परिवेशमा उल्लिखित क्षेत्रहरुको विषयमा तीन तहको सरकारबीच संविधान र अन्य प्रचलित कानून बमोजिम जिम्मेवारी र अधिकारको बाँडफाँड भएको छ।राज्यको शासकीय संरचनामा भएको रुपान्तरण एवं राजनीतिक तथा प्रशासनिक पर्यावरणमा आएको परिवर्तनको पृष्ठभूमिमा श्रम, रोजगार तथा सामाजिक सुरक्षाको क्षेत्रमा देहायका अवसर रहेका छन्।

- नेपाल हाल जनसांख्यिक लाभ (Demographic Dividend) को अवस्थामा रहेको सन्दर्भमा सो को अधिकतम उपयोग गरी अर्थव्यवस्थालाई सुदृढ र समृद्ध वनाउने,
- श्रम, रोजगारी तथा योगदानमा आधारित सामाजिक सुरक्षा क्षेत्रको उचित व्यवस्थापन गर्ने सन्दर्भमा श्रम, रोजगार र सामाजिक सुरक्षा सम्बन्धी कतिपय नयाँ कानूनहरू जारी भएको हुँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षाका विषयहरुलाई तीनै तहका सरकारहरुमा स्थानीयकरण गर्न सहज भएको,
- न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था, बालश्रम निवारण गुरूयोजना कार्यान्वयन र रोजगार सेवा केन्द्रको

स्थानीय तहसम्म विस्तार भएको परिवेशमा देशभित्रको श्रम बजारमा भएका सवै किसिमका शोषण र विभेदको अन्त्य गर्दै असल औधोगिक सम्बन्ध कायम गर्न तीन तहका सरकारहरु बिच उचित सहकार्य गर्ने र तीवटै तहका सरकारहरुको स्वामित्व ग्रहणशीलतालाई समान रुपमा विकास गर्ने,

- संघ, प्रदेश तथा स्थानीय तहको साझेदारीमा देशभित्र पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्दै वाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थालाई क्रमश: न्यूनीकरण गर्ने वातावरण सिर्जना भएको,

- वैदेशिक रोजगारीको लागि नयाँ नयाँ गन्तव्यहरु खुल्दै गएका छन्। वैदेशिक रोजगारीमा गएका र वैदेशिक रोजगारीबाट फर्किएका मानिसहरुको संख्या, प्राप्त विप्रेषणको अवस्था, वैदेशिक रोजगारीको सामाजिक लागत लगायतका विषयहरुको खण्डीकृत तथ्याङ्क सहितको वैदेशिक रोजगारी सम्बन्धी राष्ट्रिय प्रोफाइल तयार गर्न प्रदेशको समन्वयकारी भूमिका र स्थानीय तहको जनतासँगको सन्निकटताको अधिकतम लाभ लिन सक्ने अवस्थाको सिर्जना भएको छ।हालसम्म १११ वटा मुलुकहरु संस्थागत रुपमा र १७८ वटा मुलुकहरु व्यक्तिगत श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान खुला गरिएका छन् भने १० वटा मुलुकहरुसँग द्धिपक्षीय श्रम सम्झौता भएको,

- नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन, अन्तर्राष्ट्रिय आप्रवासन संगठन लगायतका विभिन्न विश्वव्यापी तथा क्षेत्रीय संगठनहरुको सदस्य भई ती संगठनहरुका अनुबन्ध र सम्झौताहरु समेत अनुमोदन गरेकोले तहाँबाट प्राप्त हुने अवसरहरुको उपयोग गर्न सकिने देखिएको,

- देशभित्र उद्यमशीलताको विकास, उत्पादकत्वमा अभिबृद्धि मार्फत नागरिकहरुको जीवनस्तरमा सुधार गर्ने सन्दर्भमा शैक्षिक वेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई सहुलियतपूर्ण ऋण सुविधा उपलब्ध गराउने व्यवस्था र व्यवसायिक सीप सिकाउन व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान जस्ता संस्थागत संयन्त्रको उपलब्धता रहेको,

- अनौपचारिक क्षेत्रको श्रमलाई क्रमश: औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै श्रमिकको लगत अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षाको हकको प्रत्याभूति गर्न आवधिक योजना र सरकारको नीति तथा कार्यक्रममा विशेष जोड दिएको अवस्था विद्यमान रहेको,

- सरकार, रोजगारदाता र श्रमिकबिचको त्रिपक्षीय सम्झौता, समन्वय र सहकार्य मार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउँदै देशभित्र स्थापित उद्योग प्रतिष्ठानमा कार्यरत सम्पूर्ण श्रमिकहरुलाई सामाजिक सुरक्षामा आबद्ध गर्न सामाजिक सुरक्षा कोषको स्थापना भइ सञ्चालनमा रहेको साथै सामाजिक सुरक्षाको विषयमा श्रमिक तथा रोजगारदातामा समेत सचेतना बढ्दै गएको,

- नागरिकले संघीय शासन प्रणालीबाट स्थानीयस्तरमा प्राप्त गर्ने सार्वजनिक सेवा, सुविधा एवं विकासको प्रतिफल विगतको तुलनामा उन्नत तथा प्रभावकारी तुल्याउने अवसर रहेको।

## १.१.५. चुनौती

श्रम, रोजगार तथा योगदानमा आधारित सामाजिक सुरक्षाको विद्यमान कानूनी तथा संस्थागत व्यवस्थाको सुदृढीकरण गर्दै

सुसंस्कृत औधोगिक सम्बन्ध विकास गर्न, आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन साथै योगदानमा आधारित सामाजिक सुरक्षाको प्रबर्द्धन गर्न देहायका चुनौतीहरु सामना गर्नुपर्ने देखिएको छ :-

- तीन तहका सरकारको कार्यजिम्मेवारीलाई थप स्पष्ट पार्दै कार्यक्रम सञ्चालनमा राष्ट्रिय प्राथमिकतासँग सामञ्जस्यता स्थापित गर्न प्रभावकारी समन्वय गर्नु,
- श्रम तथा रोजगारीको हकको पुर्ण रुपमा कार्यान्वयन गर्नु,
- श्रमको सम्मान गर्ने संस्कारको विकास गरी स्वदेशमानै रोजगारी तथा स्वरोजगारी अभिवृद्धि गर्नु,
- उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्दै रोजगारीको तथ्याङ्कलाई व्यवस्थित गर्ने एकीकृत संयन्त्रको निर्माण गर्नु
- असल श्रम सम्बन्धको विकास गर्नु
- श्रम अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाई दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाउनु,
- श्रमको उत्पादकत्व वृद्धि मार्फत आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो बनाउनु,
- अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्नु,
- श्रम बजारको माग अनुरूप सीपयुक्त श्रम शक्तिको उत्पादन गर्न आवश्यक संस्थागत क्षमताको विकास गर्नु,
- योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी विद्यमान योजनालाई सर्वस्वीकार्य र दिगो बनाई दायरालाई फराकिलो बनाउन सरकार, रोजगारदाता र श्रमिकबिच प्रभावकारी समन्वय र सहकार्य स्थापित गर्नु,
- वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका नेपाली कामदारहरुको उद्धार गर्न विदेशस्थित नेपाली नियोगहरुको प्रभावकारी परिचालन गर्नु,
- वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु,
- श्रम तथा रोजगार प्रशासनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

## १.२ सम्बोधन गर्नुपर्ने विषयहरु

मुलुक एकात्मक शासन व्यवस्थाबाट संघात्मक शासन व्यवस्थामा रुपान्तरण भएको सन्दर्भमा प्राप्त अवसर तथा चुनौती र मन्त्रालयले यस्ता अवसरको उपयोग र चुनौतीको व्यवस्थापनमा गर्दै आएको प्रयास समेतलाई विश्लेषण गर्दा श्रम, आन्तरिक रोजगारी, वैदेशिक रोजगारी, सीप विकास लगायत योगदानमा आधारित सामाजिक सुरक्षाको क्षेत्रमा देहाय बमोजिमका विषय सम्बोधन गर्नुपर्ने देखिएको छन्:-

- श्रम तथा रोजगारीका क्षेत्रमा तीन तहका सरकारहरु बिचको कार्यक्षेत्रमा स्पष्टता बनाई प्रभावकारी समन्वय र सहकार्य गर्ने,

- उद्यमशीलता र रोजगारीका अवसरको सिर्जना मार्फत आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुसारको सीपयुक्त जनशक्तिको आपूर्तिमा तादम्यता र सीप परीक्षणको व्यवस्था गर्ने,
- वैदेशिक रोजगारीमा रहेको ठगी र विचौलियाको नियन्त्रण गर्ने,
- सुरक्षित, मर्यादित, व्यवस्थित र तुलनात्मक लाभयुक्त वैदेशिक रोजगारीको प्रवर्द्धन गर्ने,
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक पुन:एकीकरण गर्ने,
- वैदेशिक रोजगारीको क्रममा मृत्यु, अंगभंग, गम्भीर विरामी भएका कामदार तथा निजहरुको परिवारलाई प्रदान गरिने राहत तथा आर्थिक सहायतामा प्रभावकारीता तथा उद्दारमा शिघ्रता दिने,
- श्रम कानूनको परिपालना र असल औद्योगिक श्रम सम्बन्धको प्रबर्द्धन गर्ने,
- श्रमिकहरुलाई व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूति गर्ने,
- सामाजिक सुरक्षाको एकीकृत नीति र संरचना तयार गर्ने,
- आकर्षक र प्रतिफलयुक्त योगदानमा आधारित सामाजिक सुरक्षा योजना, यसको दिगोपना र दायरा विस्तार गर्ने,
- सेवा प्रवाहमा सुशासन, पारदर्शिता र जवाफदेहीता वहन मार्फत जनमूखी सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग तथा दिगोपना सुनिश्चित गर्ने ।

## १.३ रणनीतिक योजनाको आवश्यकता तथा औचित्य

मन्त्रालय र मातहतबाट सम्पादन गरिने कामहरुलाई नियमित गर्ने सम्बन्धमा विभिन्न नीति, ऐन र कानूनहरु प्रचलनमा रहेका छन्।कानूनले निर्दिष्ट गरेका कतिपय व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिदैन।मुलुक एकात्मक राज्य व्यवस्थाबाट संघात्मक प्रणालीमा रुपान्तरण भएको अवस्थामा मन्त्रालयको कार्यक्षेत्र र कार्य जिम्मेवारीसँग सम्बन्धित विषयमा तहगत सरकारहरुको कार्यसम्पादनमा सामाञ्जस्यता कायम गर्नुपर्ने चुनौती रहेको छ। मन्त्रालयका वार्षिक कार्यक्रम र आवधिक योजनाले परिलक्षित गरेका लक्ष्यहरु बिचमा तादम्यता स्थापना गरी विद्यमान समस्याहरुको उजागर र चुनौतीको आँकलन गर्दै विगतदेखी वर्तमानसम्म मन्त्रालयले हाँसिल गरेको उपलब्धी, मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सम्पादन हुने सेवाको समयसापेक्ष रुपान्तरण गर्न र श्रम तथा रोजगारी क्षेत्रको दीर्घकालीन सोच सहितको रणनीति तय गर्न आवश्यक देखिएको र नीतिगत तथा कानूनी व्यवस्थालाई एकीकृत एवं प्रभावकारीरुपमा कार्यन्वयन गर्दै उत्पादनशील रोजगारीको विकास र उपयोग गर्न यो रणनीतिक योजना तयार गरिएको हो।प्रस्तुत सन्दर्भमा यस रणनीतिक योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ,

- श्रम, रोजगार र योगदानमा आधारित सामाजिक सुरक्षासँग सम्बन्धित दीर्घकालीन राष्ट्रिय लक्ष्य प्राप्तिको लागि तहगत सरकारबाट सम्पादन हुने विकास कार्यक्रमबीच सामञ्जस्यता कायम गर्न,
- देशभित्र मर्यादित रोजगारीको लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न,

- सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार, असल औधोगिक श्रम सम्बन्ध, श्रम र सीपको माग र आपूर्तिमा तादम्यता, योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार जस्ता कार्यमा वस्तुनिष्ठ सूचक र समयसीमा सहितको सु-स्पष्ट मार्गचित्र तयार गर्न,
- श्रम र वैदेशिक रोजगार सम्वन्धी सेवालाई जवाफदेही, पारदर्शी, सदाचार, जनमूखी, सूचना प्रविधिमैत्री, नतिजाउन्मुख र व्यवसायिक बनाई सुशासन प्रवर्द्धन गर्न,
- संघ, प्रदेश र स्थानीय तह बिच समन्वय, सहकार्य एवं सहयोगका क्षेत्रहरुको पहिचान गरी अन्तर सरकारी सम्बन्धलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यनिति तय गर्न,
- मन्त्रालयसँग सम्बन्धित कार्यक्षेत्र रहेका प्रदेश सरकारका निकाय र स्थानीय तहलाई प्रशासनिक समन्वय र नीतिगत मार्गदर्शन प्रदान गर्न।

## १.४ रणनीतिक योजनाको स्वरुप

प्रस्तुत रणनीतिक योजनाको स्वरुप देहाय बमोजिम रहनेछ।



परिच्छेद- २

# दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता

## २.१ सोच

मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षा सहितको समृद्धि।

## २.२ लक्ष्य

उत्पादनशील रोजगारीका अवसरको अभिबृद्धि, मर्यादित श्रमको सुनिश्चितता गरी श्रमको अधिकतम उपयोग र योगदानमा आधारित सामाजिक सुरक्षा मार्फत सामाजिक संरक्षणलाई दिगो र पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने।

## २.३ उद्देश्य

- उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्नु,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु,
- श्रमिकको अधिकार सुनिश्चित गर्दै असल औद्योगिक श्रम सम्बन्ध कायम गर्नु,
- बालश्रम लगायत सवै प्रकारका श्रम शोषणको अन्त्य गर्नु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग बमोजिम सीपयुक्त श्रमशक्ति उत्पादन र त्यसको मर्यादित उपयोग गर्नु,
- एकीकृत सामाजिक सुरक्षा नीति अवलम्बन गरी आम नागरिकलाई सामाजिक सुरक्षाको दायरामा समेट्नु,
- सुशासन अभिवृद्धि गर्नु ।

## २.४ प्राथमिकता

- आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित वनाउने,
- श्रमको माग र आपूर्तिमा तादम्यता कायम गर्ने,
- श्रमको सम्मान, सवै प्रकारका श्रम शोषणको उन्मूलन, असल औद्योगिक श्रम सम्बन्धको प्रवर्द्धन गर्ने,
- आन्तरिक र वैदेशिक श्रम वजारको माग अनुरुपको व्यवसायिक सीप र तालिमको व्यवस्था गर्ने,
- योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने,
- श्रम, रोजगारी तथा योगदानमा आधारित सामाजिक सुरक्षा सम्वन्धी सेवा प्रवाहमा सुशासन प्रवर्द्धन गर्ने,

## २.५ मूल्य

रणनीतिक योजनाले राखेको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरु हाँसिल गर्नको लागि देहायका मूल्यहरुलाई आत्मसात गरिनेछ ।

- सदाचारिता तथा निष्ठा
- उत्तरदायित्व तथा जवाफदेहीता
- समन्वय, सहकार्य र सहअस्तित्व
- सकारात्मक सोच
- सिर्जनशीलता
- पारदर्शिता
- व्यवसायिकता
- निष्पक्षता
- सहभागिता

परिच्छेद- ३

# रणनीतिक स्तम्भ, रणनीति तथा कार्यनीति

## ३.१ रणनीतिक स्तम्भ

रणनीतिक योजनाको सोच, लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्नअनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ।रणनीतिक योजनाको प्रभावकारी कार्यन्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ।

स्तम्भ- १: आन्तरिक रोजगारी प्रवर्द्धन

स्तम्भ- २: वैदेशिक रोजगार व्यवस्थापन र श्रम कुटनीति प्रवर्द्धन

स्तम्भ- ३: श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा

स्तम्भ- ४: व्यवसायिक सीप विकास र तालिम

स्तम्भ- ५: योगदानमा आधारित सामाजिक सुरक्षा

स्तम्भ- ६: सुशासन प्रवर्द्धन

## ३.२ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **रणनीतिक स्तम्भ नं.१<br>आन्तरिक रोजगारी प्रवर्द्धन** | |
| १.१ न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने। | ✓ न्यूनतम रोजगारीको प्रत्याभूति सहित श्रम बजार बमोजिम हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जन गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।<br>✓ श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिनेछ।<br>✓ सरकारी निकायहरुबाट हुने खर्चलाई रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ।<br>✓ सार्वजनिक निर्माणका कार्यहरुमा श्रममुलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>✓ आन्तरिक रोजगारी प्रवर्द्धनको लागि अन्तरतह तथा अन्तर निकाय समन्वय र सहकार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| १.२ उत्पादनशील रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्ने। | ✓ रोजगारी सिर्जनाका नविनतम अवधारणालाई प्रोत्साहन गरिनेछ ।<br>✓ श्रम बजारको माग र आपूर्ति तथा सीप र क्षमताको आवधिकरुपमा अन्तरविश्लेषण गरिनेछ।<br>✓ सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय सहकार्य र साझेदारीमा रोजगारीको थप अवसर सृजना गरिनेछ।<br>✓ रोजगारीका अवसर एवं सम्भावनाको पहिचान गर्न सरोकारवालाहरुसँग सम्वाद र समन्वय गरिनेछ।<br>✓ श्रम तथा रोजगार सम्बद्ध सूचना तथा तथ्याँकलाई एकीकरण तथा व्यवस्थापन गरिनेछ।<br>✓ श्रम बजारको माग बमोजिम रोजगारउन्मुख व्यावसायिक सीप प्रदान गरी रोजगारीमा आवद्ध गरिनेछ।<br>✓ वित्तिय साक्षरता (Financial Literacy) र वित्तिय पहुँच (Access to Financing) मार्फत उद्यमशीलता प्रवर्द्धन गरिनेछ।<br>✓ अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमश: औपचारिक क्षेत्रमा रूपान्तरण गरिनेछ।<br>✓ स्थानीय तहबाट रोजगार विनिमय सेवा सहितको एकीकृत रोजगार सेवा तथा सुविधा प्रदान गरिनेछ ।<br>✓ रोजगारी र श्रम बजारको प्रवर्द्धन र विस्तार सम्बन्धमा अध्ययन अनुसन्धान गरिनेछ। |
| **रणनीतिक स्तम्भ नं.२**<br>**वैदेशिक रोजगार व्यवस्थापन र श्रम कुटनीति प्रवर्द्धन** | |
| **रणनीति** | **कार्यनीति** |
| २.१ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित, सहज र उपलब्धीमुलक बनाउने। | ✓ वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विद्यमान नीतिगत, कानूनी, संरचनागत र प्रक्रियागत व्यवस्थामा समसामयिक सुधार गरिनेछ।<br>✓ वैदेशिक रोजगारीका व्यवस्थापनका चरणमा श्रमिकको हकको सुनिश्चितता र हितको प्रवर्द्धन गरिनेछ।<br>✓ वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुलाई प्रभावकारी बनाईनेछ । |
| २.२ अन्तर्राष्ट्रिय श्रम बजारमा रहेका दक्षता आवश्यक पर्ने रोजगारीका अवसरहरुको पहिचान गरी वैदेशिक रोजगारीलाई अधिकतम प्रतिफलयुक्त बनाउने। | ✓ वैदेशिक रोजगारीको लागि नयाँ श्रम गन्तव्य मुलुक तथा पेशाहरुको खोजी गर्दै सो अनुरुपको जनशक्ति तयार गरिनेछ।<br>✓ वैदेशिक रोजगारमा जान चाहने नेपाली नागरिकलाई श्रम गन्तव्य मुलुकको माग अनुसारको सीप र क्षमता अभिवृद्धि गरिनेछ ।<br>✓ सीप आवश्यक पर्ने रोजगारीको क्षेत्रमा श्रम स्वीकृति प्रदान गर्दा सीपमुलक तालिमलाई क्रमश: अनिवार्य गर्दै लगिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| २.३ वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवको सदुपयोग गर्ने। | ✓ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको सीप र ज्ञान समेटिएको प्रदेश र स्थानीय तहगत तथ्याँक प्रणाली स्थापना गरिनेछ ।<br>✓ संघ प्रदेश र स्थानीय तहसँगको समन्वयमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी पुन:एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.४ वैदेशिक रोजगारीमा जान चाहने र रहेका नेपाली महिलाको सुरक्षा र सम्मानको प्रत्याभूति गर्ने । | ✓ वैदेशिक रोजगार सम्बन्धी नीति, योजना, कानून र कार्यक्रमलाई लैङ्गिक मैत्री बनाइनेछ।<br>✓ नेपाली महिलाको सम्मान र सुरक्षाको प्रत्याभूति गर्दै वैदेशिक रोजगारीका अवसरहरु प्राप्त गर्न सहजीकरण गरिनेछ ।<br>✓ वैदेशिक रोजगारीमा महिलाहरु लक्षित सकरात्मक विभेदको नीति लिईनेछ। |
| २.५ वैदेशिक रोजगारीमा श्रम कुटनीतिको प्रभावकारिता अभिवृद्धि गर्ने। | ✓ वैदेशिक रोजगारसँग सम्बन्धित अन्तर्राष्ट्रिय मञ्चहरुमा सक्रिय उपस्थिति जनाईनेछ।<br>✓ श्रम गन्तव्य मुलुकसँग भएका श्रम सम्झौताहरु अद्यावधिक गरिनेछ ।<br>✓ नयाँ श्रम गन्तव्य मुलुकको पहिचान र श्रम सम्झौता गरी नेपाली नागरिकले सुरक्षित, लाभदायक र सम्मानजनक रोजगारी पाउने अवस्थाको सृजना गरिनेछ ।<br>✓ वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकको सीप परीक्षण र प्रमाणीकरण गरी गन्तव्य मुलुकमा सो सीपलाई मान्यता दिने व्यवस्था मिलाइनेछ।<br>✓ श्रम गन्तव्य मुलुकहरुसँग पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक सहकार्य गरिनेछ। |
| **रणनीतिक स्तम्भ नं.३**<br>**श्रम सम्बन्ध र व्यवसायजन्य सुरक्षा** | |
| **रणनीति** | **कार्यनीति** |
| ३.१ श्रम प्रशासनसँग सम्बन्धित कानूनहरुलाई समसामयिक बनाउने। | ✓ श्रम प्रशासनसँग सम्बन्धित नीति र क्षेत्रगत नीतिवीच तादम्यता कायम गरिनेछ।<br>✓ श्रम, ट्रेड युनियन र योगदानमा आधारित सामाजिक सुरक्षासँग सम्बद्ध कानूनहरुलाई समसामयिक परिमार्जन गर्दै लगिनेछ।<br>✓ सामाजिक सुरक्षा सम्बन्धी कोषलाई एकीकृत एवं प्रभावकारी परिचालन गरिनेछ। |
| ३.२ श्रमको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। | ✓ श्रम ऐनका व्यवस्थाहरु कार्यान्वयनको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>✓ नेपाली श्रम वजारमा रहेको सीप अन्तर (Skill Gap) लाई सुधार गर्दै विद्युतीय माध्यमबाट सञ्चालित हुने स्वचालित प्रणालीको विकास गरिनेछ।<br>✓ श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै श्रमिक अनुकूल वातावरणको सृजना गरिनेछ।<br>✓ विकासशील मुलुकमा स्तरोन्नतिका लागि आवश्यक विषयगत कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.३ असल औद्योगिक सम्बन्ध कायम गर्ने | ✓ औद्योगिक विवाद समाधान गर्न स्थायी प्रकृतिको संयन्त्रलाई संस्थागत गरिनेछ।<br>✓ सामाजिक सम्वाद (Social Dialogue) र सामुहिक सौदावाजी (Collective Bar-gaining) लाई प्रर्वद्धन गरिनेछ।<br>✓ श्रम सल्लाहकार परिषद्, न्यूनतम पारिश्रमिक निर्धारण समिति जस्ता संयन्त्रलाई प्रभावकारी बनाइनेछ। |
| ३.४ श्रम अभ्यासलाई मर्यादित (Decent Work) बनाउँदै श्रमशक्तिको विविधताको अधिकतम उपयोग गर्ने। | ✓ श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न प्रबर्द्धनात्मक (Promotional), निरोधात्मक (Preventive) र उपचारात्मक (Curative) कार्यक्रम संचालन गरिनेछ।<br>✓ Work force diversity अनुरुपको कार्यस्थल बनाउन प्रतिष्ठानहरुलाई प्रेरित गरिनेछ।<br>✓ अपाङ्ग र महिलामैत्री कार्यस्थल निर्माणमा प्रोत्साहन गरिनेछ ।<br>✓ श्रम प्रशासनका शासकीय साझेदारसँगको सुमधुर सहकार्य र साझेदारी मार्फत श्रम प्रशासन सुदृढ गरिनेछ।<br>✓ बाधा श्रमको अन्त्य गरिनेछ ।<br>✓ श्रम प्रशासनसँग सम्बन्धित अन्तर्राष्ट्रिय अभिसन्धी तथा प्रतिबद्धताहरुलाई आन्तरिकीकरण गर्दै लगिनेछ। |
| ३.५ बालश्रम निवारण गुरुयोजना (२०७५-२०८५) को कार्यान्वयन गर्ने । | ✓ बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधीको प्रभावकारी कार्यान्वयन गर्दै बालश्रम अन्त्य गरिनेछ।<br>✓ संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाईनेछ। |
| ३.६ व्यवसायिक स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन गर्दै कार्यस्थलमा हुने जोखिमलाई न्यूनीकरण गर्ने। | ✓ विभिन्न क्षेत्रमा रहेका श्रमिकलाई कामको सिलसिलामा हुन सक्ने स्वास्थ्यजन्य समस्याहरुको उपचार तथा कार्यस्थलमा हुने स्वास्थ्य जोखिम न्यूनिकरण गर्न आधुनिक सुविधा सम्पन्न श्रमिक अस्पतालको स्थापना गरिनेछ।<br>✓ प्रतिष्ठानमा व्यावसायिक सुरक्षा तथा स्वास्थ्य (Occupational Safety and Health) सम्बन्धी क्षेत्रगत मापदण्ड क्रमशः बनाई लागु गरिनेछ ।<br>✓ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षक, श्रम निरीक्षक र सरोकारवालाहरुको क्षमता विकास गरिनेछ। |
| ३.७ श्रम सम्बद्ध सेवाको बिस्तार तथा सुदृढीकरण गर्ने। | ✓ श्रम तथा रोजगार कार्यालयहरुमा पर्याप्त भौतिक पूर्वाधारको विकास तथा आवश्यकता अनुसार थप जनशक्त व्यवस्था गरिनेछ।<br>✓ श्रमिक ट्रेड युनियनको दर्ता, नविकरण र काम कारवाहीलाई व्यवस्थित र प्रविधिमैत्री बनाईनेछ।<br>✓ नेपालमा कार्यरत विदेशी श्रमिकको सट्टामा स्वदेशी जनशक्तिबाट काम गर्न सक्ने गरी Replacement Plan बमोजिम जनशक्ति तयार गर्दै लगिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.८ व्यवसाय र मानव अधिकार (Business and Human Rights) को प्रवर्द्धन गर्ने। | ✓ मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना बमोजिम व्यवसाय र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना वनाई लागु गरिनेछ।<br>✓ व्यवसाय र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारिता अभिवृद्धि गर्न कार्यान्वयनको नियमित अनुगमन र आवधिक समीक्षा गरी क्रमश: सुधार गर्दै लगिनेछ। |
| ३.९ अनौपचारिक श्रमलाई क्रमशः औपचारिकरण गर्ने। | ✓ अनौपचारिक क्षेत्रको प्रकृति र कार्यक्षेत्र अनुसार सूचीकरण गरिनेछ।<br>✓ श्रमिक परिचयपत्र वितरण गरिनेछ।<br>✓ अनौपचारिकताको व्यवस्थापन गर्न राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| **रणनीतिक स्तम्भ नं. ४<br>व्यवसायिक सीप विकास र तालिम** | |
| **रणनीति** | **कार्यनिति** |
| ४.१ राष्ट्रिय श्रम बजारको आवश्यकता बमोजिम दक्ष तथा अर्धदक्ष जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम गर्ने । | ✓ रोजगारमुलक व्यवसायिक तथा सीपमूलक तालिम सम्बन्धी राष्ट्रिय नीति र कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>✓ रोजगारमुलक व्यवसायिक सीप, तालिम सम्बन्धी पूर्वाधार विकास तथा संस्थागत सदृढीकरण गरिनेछ।<br>✓ कार्यस्थलमा आधारित सीपमूलक तालिम (Apprenticeship Training) संचालन गरी रोजगारीसँग आबद्ध गरिनेछ। |
| ४.२ अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न योग्य जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने। | ✓ अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन अनुसन्धान गरी पेशा अनुसारको सीपको पहिचान गरी अन्तर्राष्ट्रियस्तरको सीप तालिम मापदण्ड बनाईनेछ।<br>✓ वैदेशिक रोजगारमा जान चाहनेलाई अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त हुने गरी छोटो अवधिको व्यवासायिक तथा सीपमूलक तालिमको पाठ्यक्रम विकास गरी तालिम कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४.३ व्यावसायिक तथा सीपमुलक तालिम सञ्चालन गर्न अन्तरतह र अन्तर निकायहरु बीच समन्वय कायम गर्ने। | ✓ संघीय मन्त्रालय, प्रदेश तथा स्थानीय तहबाट संचालन गरिने व्यवसायिक तथा सीपमुलक तालिमको पाठ्यक्रममा एकरुपता ल्याईनेछ।<br>✓ व्यावसायिक तथा सीपमूलक तालिमको सञ्चालनमा एकरुपता र प्रभावकारिता सुनिश्चितताका लागि एकीकृत सीप विकास तालिम सूचना प्रणालीको विकास गरी सरोकारवालाबीच समन्वय र सहकार्य गरिनेछ । |
| ४.४ व्यवसायिक तथा सीपमूलक तालिममा नागरिकको सहज पहुँच स्थापित गर्नुका साथै तालिमलाई गुणस्तरीय र जीवनपयोगी बनाउने। | ✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको सीपमूलक तालिम सञ्चालन गरिनेछ ।<br>✓ सीपमूलक तालिममा नागरिकहरुको सहज पहुँच स्थापना गर्न प्रदेशस्तरमा नमुना तालिमकेन्द्र स्थापना गरिनेछ ।<br>✓ तालिमको उपयोगिता सम्बन्धी समुदायस्तरमा प्रर्वद्धनात्मक कार्यक्रम संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **रणनीतिक स्तम्भ नं.५<br>योगदानमा आधारित सामाजिक सुरक्षा** | |
| **रणनीति** | **कार्यनिति** |
| ५.१ औपचारिक, अनौपचारिक तथा वैदेशिक रोजगारमा रहेका श्रमिक एवं स्वरोजगारमा रहेका व्यक्ति र कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने । | ✓ सामाजिक सुरक्षा सम्बद्ध मौजुदा कानूनको सुधार तथा परिमार्जन गर्दै लगिनेछ।<br>✓ श्रमिकको उपस्थितिको सघनता पहिचान गरी सूचीकरण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउँदै सामाजिक सुरक्षा प्रणालीमा बृहत र व्यापक आवद्धता सुनिश्चित गरिनेछ।<br>✓ वैदेशिक रोजगारीमा जाने श्रमिक र अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ ।<br>✓ श्रम गन्तव्य मुलुकहरुसँग पारस्परिक सम्झौता गरी सम्बन्धित देशको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्धता गराईनेछ ।<br>✓ औपचारिक माध्यमबाट विप्रेषण आप्रवाह र सामाजिक सुरक्षामा आवद्धताको तादम्यता मिलाईनेछ । |
| ५.२ सामाजिक सुरक्षा कोषको वित्तीय दिगोपना हाँसिल गर्ने । | ✓ योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई समसामयिक बनाईनेछ ।<br>✓ जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै सुरक्षित लगानीमार्फत दिगो र महत्तम प्रतिफल हाँसिल गरिनेछ। |
| ५.३ सामाजिक सुरक्षा कोषको संस्थागत सुदृढीकरण गर्ने । | ✓ कोषको संस्थागत र संरचनागत क्षमता विकास र सुदृढीकरण गरिनेछ।<br>✓ राष्ट्रियस्तरको कल्याणकारी कोषलाई श्रमिकको विपद् तथा कल्याणकारी कार्यमा अधिकतम् उपयोग गरिनेछ । |
| ५.४ गैर योगदानमा आधारित सामाजिक संरक्षण प्रणाली (Non- Contributory Social Protection System) लाई योगदानमा आधारित सामाजिक सुरक्षामा रुपान्तरण गरी समष्टिगत कुशलता हासिल गर्ने। | ✓ योगदानमा आधारित पेशागत पेन्सनको प्रावधानलाई स्थापित गरी राज्यवाट भइरहेको गैर योगदानमा आधारित सामाजिक सुरक्षा भत्ता (वृद्ध भत्ता, अपाङ्गगता तथा असहाय भत्ता आदि) मा हुने खर्चको न्यूनीकरण गरिनेछ।<br>✓ योगदानमा आधारित सामाजिक सुरक्षाको माध्यमवाट श्रमिकको हरेक जीवनचक्रमा आइपर्ने जोखिम व्यवस्थापन मार्फत श्रमिक, प्रतिष्ठान र समग्र अर्थतन्त्रको उत्पादकत्वमा अभिवृद्धिका साथै गरिवी न्यूनीकरण हुने आधार निर्माण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| रणनीतिक स्तम्भ नं.६<br>सुशासन प्रवर्द्धन | |
| **रणनीति** | **कार्यनीति** |
| ६.१ नीतिगत तथा कानूनी सुधार। | ✓ मन्त्रालयको कार्यक्षेत्रभित्रको कामलाई सरल, सहज, सुलभ, प्रभावकारी र नतिजा उन्मुख बनाउन मौजुदा कानूनमा समयानुकुल परिमार्जन तथा आवश्यकता अनुसार नयाँ कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>✓ श्रम सम्बन्धी एकीकृत कानूनको मस्यौदा तयार गरिनेछ । |
| ६.२ आन्तरिक रोजगार व्यवस्थापनलाई प्रभावकारी बनाउने। | ✓ रोजगारीको माग र आपूर्ति व्यवस्थालाई प्रभावकारी वनाउन प्रत्येक स्थानीय तहमा रोजगार सेवा विनिमयको अवधारणा लागु गरिनेछ।<br>✓ राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ । |
| ६.३ वैदेशिक रोजगार प्रशासनलाई सरल, सुलभ र प्रविधिमैत्री बनाउने। | ✓ वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) लाई स्तरोन्नती र सरलीकरण गर्दै लगिनेछ।<br>✓ वैदेशिक रोजगार सम्बन्धी सेवालाई प्रादेशिक तहसम्म विस्तार गरिनेछ। |
| ६.४ श्रम प्रशासन सम्बन्धी कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउने। | ✓ श्रम प्रशासन सम्बन्धी कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउन एकीकृत श्रम सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ।<br>✓ श्रम प्रशासन गर्ने निकायहरुको पूर्वाधार र संस्थागत क्षमता विकास गरिनेछ ।<br>✓ श्रम सम्बन्धी गुनासो तथा उजुरीको व्यवस्थापन गर्न प्रविधिमा आधारित प्रणालीको विकास गरिनेछ । |
| ६.५ वित्तीय तथा प्रशासकीय सुशासन कायम गर्ने। | ✓ वित्तीय तथा प्रशासकीय सुशासन प्रवर्द्धन गर्न दैनिक कार्यसञ्चालन प्रणालीलाई नियमित सरल सहज प्रभावकारी र पारदर्शी बनाईनेछ। |
| ६.६ दिगो विकास लक्ष्य लगायतका अन्य अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई पुरा गर्ने। | ✓ दिगो विकास लक्ष्य लगायतका अन्य अन्तर्राष्ट्रिय प्रतिवद्दताहरुलाई पुरा गर्न अन्तर्राष्ट्रिय संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । |
| ६.७ अनुगमन र मूल्यांकन | ✓ प्रविधिमैत्री अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरिनेछ ।<br>✓ अनुगमन तथा मूल्यांकनमा सरोकारवालाहरुको सहभागिता अभिवृद्धि गरिनेछ । |

## ४.२ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा स्थानीय तहका सरोकारवाला निकाय, निजी क्षेत्र, ट्रेड युनियन, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, प्राज्ञिक तथा अनुसन्धानमुलक संस्थाहरु लगायत आमसरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय तथा सहकार्य गरिनेछ।

## ४.३ स्रोत व्यवस्थापन

मन्त्रालयको वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीतिक योजनामा आधारित भई तर्जुमा गरिनेछ।रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक वजेट तथा कार्यक्रम मार्फत नियमितरुपमा प्रस्ताव गरिनेछ।आवश्यकता अनुसार विकास साझेदारहरुसँग समेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ।रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित स्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ।

**बजेट प्रक्षेपण**

**रु.लाखमा**

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | कुल बजेट |
| **स्तम्भ १** आन्तरिक रोजगारी प्रर्वद्धन | २,०१,६०० | २,०१,६०० | २,०१,६०० | २,०१,६०० | २,०१,६०० | १०,०८,००० |
| **स्तम्भ २** वैदेशिक रोजगार व्यवस्थापन र श्रम कुटनीति प्रवर्द्धन | १५,००० | १५,००० | १५,००० | १५,००० | १५,००० | ७५,००० |
| **स्तम्भ ३** श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा | १४,५०० | १४,५०० | १४,५०० | १४,५०० | १४,५०० | ७२,५०० |
| **स्तम्भ ४** व्यवसायिक सीप विकास र तालिम | १६,९०० | २३,१०० | ४२,२०० | ५५,२०० | ७१,४०० | २,०८,८०० |
| **स्तम्भ ५** योगदानमा आधारित सामाजिक सुरक्षा | ४,००० | ४,००० | ४,००० | ४,००० | ४,००० | २०,००० |
| **स्तम्भ ६** सुशासन प्रवर्द्धन | ५,००० | ५,००० | ५,००० | ५,००० | ५,००० | २५,००० |
| जम्मा | २,५७,००० | २,६३,२०० | २,८२,३०० | २,९५,३०० | ३,११,५०० | १४,०९,३०० |

## ४.४ अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन मार्फत लक्षित उद्देश्य हाँसिल गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन विधि अवलम्वन गरिनेछ ।

### (क) अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना

रणनीतिक योजना कार्यान्वयनको निरन्तर अनुगमनका लागि मन्त्रालयमा एक अनुगमन समितिको गठन गरिनेछ।अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी कार्यान्वयन प्रगति, विधि, देखिएका समस्या तथा समाधानका उपाय सम्बन्धमा मन्त्रालयलाई समसामयिक रुपमा पृष्ठपोषण दिनेछ।अनुगमन समितिको सचिवालयको रुपमा मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखाले काम गर्नेछ।

### (ख) आवधिक समीक्षा

रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुको प्रगति सम्बन्धमा वार्षिक रुपमा समीक्षा गरिनेछ।अनुगमन समितले दिइएको प्रतिवेदन र पृष्ठपोषण सम्बन्धमा छलफल तथा समीक्षा गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरु अवलम्वन गरिनेछ। वार्षिक समीक्षा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गरिनेछ।

### (ग) मध्यावधि मूल्याङ्कन

रणनीतिक योजना कार्यान्वयन भएको मितिले अढाई वर्ष पछि योजनाको मध्यावधि मूल्याङ्कन गरिनेछ।मध्यावधि मूल्याङ्कन गर्दा उक्त अवधिसम्म अपेक्षित लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलापहरुमा हाँसिल भएको उपलब्धि, कार्यसञ्चालनको क्रममा देखिएका समस्या तथा चुनौतीहरुको वारेमा वस्तुगत विश्लेषण गरिनेछ।मूल्याङ्कन अवधिमा भएका कानूनी तथा नीतिगत परिवर्तन, सार्वजनिक प्रशासनको क्षेत्रमा आएको परिवर्तन साथै उपलब्ध श्रोत र साधन समेतको आधारमा समीक्षा गरी आवश्यकता अनुसार निर्धारित क्रियाकलाप तथा श्रोत व्यवस्थापनलाई परिमार्जन गर्न सकिनेछ ।

### (घ) अन्तिम मूल्याङ्कन

रणनीतिक योजना कार्यान्वयनको अन्तिम वर्ष अर्थात पाँचौ वर्षमा रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन र आगामी रणनीतिक योजनाको पुर्वतयारी गरिनेछ।पाँचौं वर्षको पहिलो छ महिना व्यतित भएपछि योजनाको अन्तिम मूल्याङ्कन प्रारम्भ गरिनेछ। रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ। मूल्याङ्कनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई आगामी दिनमा तर्जुमा हुने रणनीतिक योजना निर्माणमा उपयोग गरिनेछ।

## ४.५ सम्भाव्य जोखिमको पहिचान

रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने जोखिमहरुलाई देहायबमोजिम उल्लेख गरिएको छ।योजना कार्यान्वयन कार्ययोजनामा पहिचान गरिएका जोखिमहरुका संकेत मात्र उल्लेख गरिएको छ ।

1. स्रोतको व्यवस्थापन (क)
2. सरकारी, गैरसरकारी र नीजिक्षेत्रबीच प्रभावकारी समन्वय (ख)
3. प्रदेश र स्थानीय तहको प्राथमिकतासँगको सामञ्जस्यता (ग)
4. विकास साझेदारबाट हुने सहयोग र समन्वय (घ)

## अनुसूची १

## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ५ वर्षे रणनीतिक योजना कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय /महाशाखा/शाखा/ कार्यालय | सहयोगी निकाय /महाशाखा/ शाखा/कार्यालय | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| **रणनीतिक स्तम्भ नं.१ आन्तरिक रोजगारी प्रवर्द्धन** | | | | | | |
| **रणनीतिः १.१ न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने।** | | | | | | |
| **कार्यनीतिः** १.१.१ न्यूनतम रोजगारीको प्रत्याभूति सहित श्रम बजार बमोजिम हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जन गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। | | | | | | |
| १.१.१.१ | राष्ट्रिय रोजगार नीति,२०७१को पुनरावलोकन गर्ने। | प्रधानमन्त्री रोजगार कार्यक्रम | सरोकारवाला | पहिलो वर्ष | नीतिको पुनरावलोकन। | ख |
| १.१.१.२ | श्रम बजार नीति बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिवर्तन गर्ने। | प्रधानमन्त्री रोजगार कार्यक्रम | सरोकारवाला | पहिलो वर्ष | कार्यक्रमको निर्देशिका परिमार्जन। | ख |
| १.१.१.३ | न्यूनतम रोजगारीको प्रत्याभूतिका क्रियाकलापलाई उत्पादनशील रोजगारीमा आवद्ध गर्ने। | प्रधानमन्त्री रोजगार कार्यक्रम | मन्त्रालय तथा विषयगत मन्त्रालयहरु | दोश्रो वर्ष | न्यूनतम रोजगारीमा संलग्न भएका १०% श्रमिकहरु श्रम बजारमा संलग्न। | क र ख |
| १.१.१.४ | स्थानीय तहको रोजगार सेवा केन्द्रलाई स्तरोन्नति गरी एकिकृत रोजगार सेवा तथा सुविधा प्रदान गर्न क्षमता विकास गर्ने। | प्रधानमन्त्री रोजगार कार्यक्रम | मन्त्रालय तथा मातहतका निकायहरु र स्थानीय तह | चौथो वर्ष सम्म | रोजगार सेवा केन्द्रबाट श्रमिकहरुले एकीकृत रोजगार सेवा तथा सुविधा प्राप्त गर्ने। | ग |
| **कार्यनीतिः** १.१.२ श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिनेछ। | | | | | | |
| १.१.२.१ | श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन गर्ने। | प्रधानमन्त्री रोजगार कार्यक्रम | मन्त्रालय तथा मातहतका निकाय र सरोकारवाला संस्थाहरु | निरन्तर | श्रम तथा श्रमिक प्रतिको व्यवहारमा सकारात्मक परिवर्तन। | ख र ग |
| **कार्यनीतिः** १.१.३ सरकारी निकायहरुबाट हुने खर्चलाई रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ। | | | | | | |

